का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ साउन २०८१,
बिहीबार
8 August, 2024
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक १७७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



## असुरक्षित नेपाली आकाश

# १४ दिनमै दोस्रो हवाई दुर्घटना

नेपाल नागरिक उड्ययन प्राधिकरणका अधिकारीहरूका अनुसार बुधबारको दुर्घटना अप्रत्यासित छ । किनभने, काठमाडौंमा "भिएफआर फ्लाइट" चलिरहेको थियो । काठमाडौंबाट पाँच किलोमिटरसम्मको "भिजिबिलिटी क्लियर" थियो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ साउन ।

पछिल्लो दुई साताको अवधिमा नेपाली आकाशमा दुई ठुला हवाई दुर्घटना भएका छन् ।

साउन ९ गते सौर्य एयरको जहाज दुर्घटना भएको थियो । १४ दिनमै बुधबार एयर डाइनेस्टीको हेलिकोप्टर दुर्घटनामा परेको छ ।

त्रिभुवन विमानस्थल परिसरमै भएको सौर्य एयरको जहाज दुर्घटनामा पाइलट बाँचेका थिए भने १८ जनाको मृत्यु भएको थियो । बुधबार काठमाडौंबाट रसुवाका लागि उडेको एयर डाइनेस्टीको हेलिकोप्टर तीन मिनेटमै दुर्घटनामा पर्दा चालकसहित पाँच जनाको मृत्यु भएको छ ।

उडेको तीन मिनेटमै सम्पर्कविहीन भएको हेलिकोप्टर काठमाडौं र नुवाकोटको सीमाक्षेत्रस्थित नुवाकोटको शिवपुरी ७ मा रहेको जंगलमा खसेको हो । दुर्घटनामा परेर चार जना चिनियाँ नागरिकको मृत्यु भएको छ । नेपाली पाइलटको पनि मृत्यु भएको छ । हेलिकोप्टर पाइलट अरुण मल्लले उडाएका थिए । उनीसँगै दुर्घटनामा परेको चिनियाँ नागरिकहरु जुताङ ताङ, ताइ ली, जेमिङ जी र यीयाङ वु रहेका थिए ।

नेपाल नागरिक उड्ययन प्राधिकरण, खोज तथा उद्धार समन्वय केन्द्रले विज्ञप्ति निकालेर मृतक सबैको शव संकलन गरी परीक्षणका लागि त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा राखिएको जानकारी दिएको छ ।

यस क्षेत्रका जानकारहरू हवाई सुरक्षाबारे गम्भीर प्रश्न उब्जिएको बताउँछन् ।

नेपाल नागरिक उड्ययन प्राधिकरणका पूर्व महानिर्देशक सञ्जिव गौतम एकपछि अर्को हवाई दुर्घटनाले समग्रमा नेपालको नागरिक उड्ययन क्षमतामा समस्या छ भन्ने पुष्टि गरेको बताउँछन् । यसलाई सुधार्न नीतिगत र संरचनागत परिवर्तन गर्नुपर्नेमा उनको जोड रहेको छ ।

हवाई विज्ञ अच्युत पहाडी पनि बारम्बारको हवाई दुर्घटनाले मुलुकको हवाई सुरक्षामा गम्भीर लापर्बाही देखिएको बताउँछन् । दुई सातामै दुई वटा दुर्घटना हुनु दुर्भाग्य रहेको उल्लेख गर्दै उनी भन्छन्, 'तुलनात्मक रुपमा सुरक्षित पृष्ठ २ मा

## जाँचबुझ आयोग गठन

सरकारले एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटनाको छानबिन गर्न दुर्घटना जाँचबुझ आयोग गठन गरेको छ । मन्त्रिपरिषद्को सिंहदरबारमा भएको आकस्मिक बैठकले नेपाली सेनाका वरिष्ठ पाइलट सुवास थापाको संयोजकत्वमा तीन सदस्यीय आयोग गठन गरेको हो । आयोगलाई ३० दिनभित्र प्रतिवेदन पेस गर्न समय दिइएको छ ।

नागरिक उड्ययन प्राधिकरणका अनुसार एयर डाइनेस्टीको हेलिकप्टरका पाइलट मल्ल वरिष्ठ र अनुभवी पाइलट थिए । उनले करिब सात हजार घण्टा उडान भरिसकेका थिए ।

बुधबार पनि लोड धेरै थिएन । चार जना मात्रै यात्रु थिए । तर कसरी दुर्घटना भयो भनेर आश्चर्यमा परेको प्राधिकरणका अधिकारीहरू बताउँछन् । उनीहरूका अनुसार दुर्घटना पृष्ठ २ मा

# बालविवाह प्रहरीमै मिलापत्र !

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २३ साउन ।

सर्लाहीको बरहथवा नगरपालिका-१५ की १५ वर्षकी एक किशोरी र १७ वर्षको किशोरले भागेर विवाह गरे । त्यसको तीन दिनपछि यही साउन १५ गते किशोरका अभिभावकले उक्त विवाह गैरकानुनी रहेको इलाका प्रहरी कार्यालय, हिरापुरमा उजुरी दिए । उजुरीका आधारमा प्रहरीले त्यो जोडीलाई कार्यालयमा झिकायो ।

त्यसको भोलिपल्ट प्रहरी कार्यालयमा विवाहित किशोर-किशोरीका अभिभावक भेला भए ।

प्रहरी कार्यालय परिसरमा भएको छलफलले उमेर नपुगेको कारण देखाउँदै विवाहित जोडीलाई अभिभावकको जिम्मा लगाउने निर्णय गऱ्यो । उक्त निर्णय किशोरीका अभिभावकले नमानेपछि किशोरीका अभिभावकलाई किशोरका अभिभावकले ५० हजार रुपैयाँ दिने निर्णय गरेपछि मिलापत्र भयो ।

कागजातमा ५० हजार रुपैयाँ दिने निर्णय उल्लेख नभएपनि इलाका प्रहरी कार्यालय हिरापुरका वरिष्ठ नायब निरीक्षक (प्रमुख) महेन्द्र चौधरीले आगामी दिनमा यसरी किशोर-किशोरी भागेर बिवाह नगरोस् भनेर सो निर्णय गरिएको बताए ।

अर्को उदाहरण- ६ महिना अघि बसबरिया गाउँपालिका-२ को १८ वर्षीय किशोर र १७ वर्षीया किशोरीले पनि भागेर विवाह गरेका थिए । उक्त विवाहका सम्बन्धमा समेत उजुरी परेपछि प्रहरीकै रोहबरमा मिलापत्र गराएर गरेर किशोर-किशोरीलाई अभिभावकको जिम्मा लगाइएको थियो ।

किशोरीका अभिभावकले दिएको उजुरीका आधारमा भागेर बिवाह गरेका उत्त ८ जोडीलाई इलाका प्रहरी कार्यालय बरहथवामा झिकाइएको थियो । इलाका प्रहरी कार्यालय बरहथवामा स्थानीय नेता र अभिभावक भेला भए ।

भेलाले प्रहरीकै रोहबरमा मिलापत्रको निर्णय गरेको थियो । किशोरका अभिभावकले किशोरीका अभिभावकलाई १ लाख रुपैयाँ दिएर किशोर किशोरीलाई अभिभावकको जिम्मा लगाइएको थियो । तर, उक्त जोडीले केही समयपछि फेरि विवाह गरे ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी गोपाल कुमार अधिकारीले बालविवाहको मुद्दामा प्रहरीले दण्ड जुरवाना गर्ने कानुनी व्यवस्था नभएको बताउँछन् ।

२० वर्ष नपुगी गरेको विवाह स्वतः बदर हुने, यस्तो कसुर गर्नेलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था अपराध संहितामा छ । तर यस्तो उजुरी लिएर गए प्रहरी कार्यालयमा मिलापत्रका नाममा टुंग्याउने प्रवृत्ति सर्लाहीमा बढ्दो छ ।

मुलुकी अपराध संहिता २०७४ को दफा १७३ मा २० वर्ष नपुगी विवाह गर्न वा गराउन बन्देज लगाउँदै दण्डनीय मानिएको छ । उमेर नपुगी भएको विवाह स्वतः बदर हुने र यस्तो कसुर गर्नेलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था अपराध संहितामा छ ।

तर, कानुन कार्यान्वयनकारी निकाय प्रहरीको प्रत्यक्ष उपस्थितिमै यस्ता घटनालाई गाउँठाउँमै मिलापत्रका नाममा टुंग्याउने प्रवृत्ति सर्लाहीमा भेटिन्छन् ।

इलाका प्रहरी कार्यालय बरहथवाका डिएसपी गौतम थापा पछिल्लो एक वर्षको अवधिमा मात्रै भागेको उजुरी परेका ६२ जोडीमध्ये ५७ जोडीलाई मिलापत्र गरेर अभिभावकको जिम्मा लगाइएको बताए । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# यूएईमा कानून उल्लंघन गर्ने नेपालीको प्रवृत्ति व्यापक
## स्थानीय प्रशासनले दूतावासमार्फत गरायो सचेत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २३ साउन

वैदेशिक रोजगारी, व्यवसाय वा तेस्रो मुलुक यात्राका लागि यूएई गएका नेपाली अनुशासनमा नबस्दा बद्नाम बन्दै गएका छन् । मध्यपूर्वका देशहरूको युरोप भनेर चिनिने संयुक्त अरब इमिरेट्स (यूएई)मा कतिपयले सुविधा सम्पन्न युरोपेली मुलुकमा जस्तै आर्जन गरेपनि केही नेपालीहरू मादक पदार्थ सेवन, होहल्ला र झगडामा उत्रिने गर्दा नेपाली समुदाय नै बद्नाम हुने खतरा बढ्दै गएको देखिएको छ ।

दुबईमा रहेर रोजगारी र व्यवसाय गर्ने नेपालीहरूमध्ये अधिकांशले मदिरा पिएर झै-झगडा गर्ने प्रवृत्ति बढेको भन्दै स्थानीय प्रहरी प्रशासनले अबुधाबीमा रहेको नेपाली नियोगलाई शिकायत नै गरेको छ । स्थानीय प्रशासनको शिकायतसँगै यूएईमा नेपालीले मादक पदार्थ (रक्सी) बढी पिउने गरेको खबर बाहिरिएको हो । मदिरामा लट्ठ नेपालीले यूएईको स्थानीय कानूनको उल्लंघन गर्ने र कानूनी कारबाहीमा पर्नेको संख्या अत्यधिक बढेपछि अबुधाबीस्थित नेपाली दूतावासले सार्वजनिक सूचना नै जारी गरेर सचेत गराएको छ ।

दूतावासले मंगलबार जारी गरेको सूचनामा दुबईमा रहेका नेपाली आफैंमा सद्भावना राजदूत रहेको हुँदा मदिरा पिएर हो-हल्ला नगर्न र कार्यस्थलमा समेत सभ्य व्यवहार गर्न आग्रह गरेको छ । जारी सूचनामा दूतावास बाहिर पनि मदिरा सेवन गरी हुल हुज्जत गर्ने, अराजक व्यवहार प्रदर्शन गर्ने, दूतावासको सुरक्षामा तैनाथ सुरक्षाकर्मीलाई अपशब्द प्रयोग गरी गाली गर्नेलाई स्थानीय कानूनअनुसार पक्राउ गरी कारबाही भएको हुँदा सचेत रहन आग्रह गरिएको छ । सूचनामा यूएईको स्थानीय ऐन कानून, नीति नियम र मूल्य मान्यताको पूर्ण पालना गर्दै सोहीअनुसारको व्यवहार गर्न दूतावासले आग्रह गरेको छ ।

यूएईमा करिब ५ लाख नेपाली रहेका छन् । त्यसमा एक लाख हाराहारीमा नेपाली अवैधानिक र त्यति नै नेपालीहरू युरोपेली मुलुक वा अमेरिकलगायत अन्य आकर्षक गन्तव्य जान भिजिट भिसामा त्यहाँ पुगेका आंकलन गरिएको छ । निरन्तरको बसाइ र चरम बेरोजगारीले उपलब्ध गराएको फुर्सद र सजिलै रक्सी किन्न पाउने भएपछि विकृति बढेको अनुभवीहरू बताउँछन् । यूएईमा करीब ५ हजार नेपाली रेष्टुरेन्टमा रहेको र ती रेष्टुरेन्टमा कमशल खालको मदिरा सजिलोसँग पाउने गरेकाले विकृति बढेको आंकलन गरिएको छ ।

यूएईको कानून कडा मानिन्छ । त्यहाँको कानूनी ज्ञानको अभावका कारण बहुसंख्यक नेपाली कानून उल्लंघन गरी सजायको भागिदार हुने गरेका छन् । यूएईमा गम्भीर प्रकृतिका भन्दा सामान्य प्रकृतिका कानून उल्लंघन गरी सजाय भोगिरहेका नेपालीको संख्या बढी रहेको गैरआवासीय नेपाली संघ यूएईको भनाइ छ । सार्वजनिक स्थलमा मादकपदार्थ सेवन गर्ने, मादक पदार्थ खरिदको पृष्ठ २ मा

# फास्ट ट्र्याकमा टीआरसी

राजनीतिक तहमा सहमति जुटेसँगै संक्रमणकालीन न्याय सम्बन्धी विधेयक फास्ट ट्र्याकमा पास गर्ने गरी अघि बढेको हो ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ साउन ।

संक्रमणकालीन न्याय सम्बन्धी विधेयक (टीआरसी) मा छलफल गर्न प्रतिनिधि सभाको कानुन न्याय तथा मानव अधिकार समितिले बैठक बोलाएको छ । समिति सभापति बिमला सुवेदीका अनुसार बिहीबार बिहान ११ बजे बस्ने बैठकबाट उक्त विधेयक पास गर्ने तयारी छ ।

बिहीबार समितिबाट पास भए यही साउन २९ गते बस्ने प्रतिनिधि सभाको बैठकमा विधेयकको प्रतिवेदन पेश हुनेछ ।

राजनीतिक तहमा सहमति जुटेसँगै संक्रमणकालीन न्याय सम्बन्धी विधेयक फास्ट ट्र्याकमा पास गर्ने गरी अघि बढेको हो ।

राजनीतिक तहमा यो विधेयकमाथि सहमति जुटेसँगै कानुन समितिले त्यसलाई अनुमोदन गर्ने गरी बैठक राखेको हो ।

टीआरसी विधेयकमा सहमति जुटाउन गठित तीन दलीय कार्यदलले बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीसहित शीर्ष तीन नेतालाई प्रतिवेदन बुझाएको छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई कार्यदलले प्रतिवेदन बुझाएलगत्तै कानुन समितिले बैठक राखेको हो ।

कार्यदलको प्रतिवेदन बुझेपछि प्रमुख तीन दलका शीर्ष नेताले पृष्ठ २ मा

# प्रधानसेनापतिबाट बिदा हुँदै शर्मा : आफ्नो कार्यकालको उपलब्धि सार्वजनिक




**काठमाडौं/मस–** प्रधानसेनापति प्रभुराम शर्माले नेपाली सेनाको संगठन प्रमुखका रूपमा आफ्नो तीन वर्षे कार्यकालमा सम्पन्न भए गरेका उपलब्धी सार्वजनिक गरेका छन् । आगामी भदौ २४ गतेदेखि अवकाशमा जान लागेका प्रधानसेनापति शर्माले शुक्रबारदेखि घर बिदामा बस्न लागेको पूर्वसन्ध्यामा बुधबार सकल दर्जालाई सम्बोधन गर्दै आफ्नो कार्यकालका उपलब्धिबारे जानकारी गराएका हुन् ।

आफ्नो कार्यकालका लागि निर्धारण गरिएका लक्ष्य र प्राप्त उपलब्धिको समीक्षा गर्दै प्रधानसेनापति शर्माले सदैव इमान्दारिता, वफादारिता, निःस्वार्थ भाव र निरन्तर परिश्रमलाई मूलमन्त्रको रूपमा अंगिकार गरी कार्य जिम्मेवारी पूरा गर्न निर्देशन दिए ।

उनले भने,'व्यक्तिगत स्वार्थभन्दा संस्थागत स्वार्थलाई शिरोपर गरी राष्ट्र तथा संगठनको हितअनुरूप कार्य गर्नुहोला । भावी प्रधानसेनापतिलाई पनि मलाई जस्तै साथ र सहयोग मिल्ने विश्वास लिएको छु ।'

त्यस अवसरमा नेपाली सेनाले निर्माण जिम्मा लिएका विभिन्न पूर्वाधार आयोजनाको प्रगति अवस्थाबारे प्रधानसेनापति शर्माले जानकारी गराएका थिए । काठमाडौं-तराई मधेश द्रुतमार्गका १२ वटा प्याकेजको ठेक्का कार्य शुरू भएको, नौ वटा सुरुङमार्गमध्ये चार वटाको 'ब्रेक थ्रु' भइसकेका, पहिलोपल्ट अग्ला पुलको निर्माण कार्य अगाडि बढेकोलगायत विवरण उनले प्रस्तुत गरे ।

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको प्रक्रियागत कार्य सम्पन्न भइ भवन निर्माणको चरणमा गएको उनले जानकारी दिए । नेपाली सेनाले काम गरिरहेको कर्णाली करिडोरअन्तर्गत लालिबगर-दुल्लिकुन्ना ११ किलोमिटर खण्डको निर्माण कार्य सम्पन्न भइ हुम्ला जिल्लाको सदरमुकाम सिमिकोट राष्ट्रिय सडक सञ्जालमा जोडिएको पनि प्रधानसेनापति शर्माले समीक्षा प्रतिवेदनमा उल्लेख छ ।

रक्षा मन्त्रालयको सुपरीवेक्षण तथा नेपाली सेनाको नेतृत्वमा दक्षिण एसियामा नै पहिलो पटक 'पार्टनरसिप फर टेक्नोलोजी इन पिसकिपिङ' संगोष्ठी कार्यक्रममा सहभागी भएको, बहुराष्ट्रिय शान्तिकार्यसम्बन्धी अभ्यास गरेको तथा संयुक्त राष्ट्र संघीय शान्ति मिसनका लागि अन्तर्राष्ट्रिय दिवसका अवसरमा सहभागी भएको उल्लेख गरे । शान्ति स्थापना कार्यमा नेपाली सेनाको सहभागिता र क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ बाराको जितपुरमा 'पिसकिपिङ लजिस्टिक अपरेसन सेन्टर' को स्थापना गरिएको, छाउनीस्थित वीरेन्द्र अस्पतालमा 'मास क्याजुअल्टी ट्रिटमेन्ट सेन्टर' को निर्माण कार्य अगाडि बढेकोलगायत कार्यप्रगतिको जानकारी प्रधानसेनापति शर्माले प्रस्तुत गरेका थिए ।

# 'बंगलादेशमा हिन्दुहरुमाथिको हिंसात्मक घटना मानव अधिकारविरुद्धको घटना'

**काठमाडौं/मस–** बंगलादेशमा भइरहेको हिन्दुहरुमाथिको आक्रमणप्रति विश्व हिन्दु महासंघ अन्तर्राष्ट्रियले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । महासंघ अन्तर्राष्ट्रियकी अध्यक्ष अस्मिता भण्डारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'आरक्षण व्यवस्थाको विरोधमा प्रदर्शनमा उत्रिएका प्रदर्शनकारीहरुले उग्र प्रदर्शन गर्दै बगंलादेशका हिन्दु समुदायमाथि गरेको हिंसात्मक गतिविधि अत्यन्तै निन्दनीय र बर्बरतापूर्ण रहेको उक्त घटनाप्रति विश्व हिन्दु महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।'

बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले राजीनामा दिएर देश छोडेपछि हाल घटनाले उग्ररुप लिइरहेको छ । विज्ञप्तिमा भनिएको छ, 'हिन्दु मठ, मन्दिर, पसल र घरहरुमा आक्रमण गरिएको खबरले संसारभरिका हिन्दुहरु दुखित हुन पुगेका छन् । करिब सवा करोड हिन्दुविरुद्धको यो हमला बंगलादेशी हिन्दुहरुमाथिको मानव अधिकारविरुद्धको हमला हो । तसर्थ बंगलादेशका निर्दोष हिन्दु समुदायमाथिको अन्यायका विरुद्ध संसारभरिका सम्पूर्ण हिन्दु ॐकार परिवार एक जुट भइ आवाज उठाउन अनुरोध गर्दै अल्पसंख्यक जनताको संरक्षणका लागि संबेदनसिल हुन बंगलादेश सरकारको ध्यानाकर्षण गराउँदछौं ।'

बंगलादेशका हिन्दुहरु माथि विगतमा पनि हिंसात्मक गतिविधि भई रहेको स्मरण गर्दै महासंघकी अध्यक्ष अस्मिता भण्डारीले भनिन्, 'धर्म मान्न पाउनु मानिसको नैसर्गिक अधिकार हो, अल्पसंख्यामा रहेका हिन्दु धर्मावलम्बी बंगलादेशी नागरिकहरु माथि धेरै ठूलो अत्याचार भइरहेको छ । उनीहरु माथीको यो मानव अधिकार बिरुद्धको गम्भीर घटना हो । हिन्दुहरुका लागि नेपाल सरकार र भारत सरकार पनि उदार हुन जरुरी छ । ज्यान जोगाउनका निम्ति नेपाल र भारत दुवै देशमा आउन चाहाने बंगलादेशका हिन्दु दाजुभाइ तथा दिदीबहिनीहरुलाई शरण दिनुपर्छ ।'

# गण्डकी प्रदेश समन्वय परिषद् कतारका अध्यक्ष पौडेललाई एकै दिन चार संस्थाको सम्मान तथा बिदाइ

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २३ साउन



कतारमा स्थापित गण्डकी प्रदेश समन्वय परिषद् कतारले वर्तमान कार्यसमितिका अध्यक्ष सागर पौडेललाई संस्थागत रूपमा कतारबाट बिदाइ गरेको छ ।

आफ्नो कतारको करिब २ दशक लामो बसाइँलाई टुंग्याएर नेपाल फर्कन लागेका पौडेललाई मगंलबार भेटघाट तथा सम्मान कार्यक्रमको आयोजना गर्दै सम्मान पत्र, मायाको चिनोसहित दोसल्ला ओढाएर बिदाइ गरिएको हो ।

जैमिनी कुश्मीशेरा १ बागलुङमा जन्मिएका पौडेल रोजगारीका सिलसिलामा कतारमा रहँदा विभिन्न संघ संस्थामा आबद्ध रहेका थिए । पौडेल पर्वत समाज कतारको संरक्षकत्वमा स्थापित पर्वत समाज कतार बहुउद्देश्यीय अक्षयकोष र मोना कतार बहुउद्देश्यीय अक्षयकोषका आजीवन सदस्य हुन् ।

पौडेललाई दुवै अक्षयकोषले आजीवन सदस्यता प्रदान गर्दै बिदाइ गरेका छन् । त्यस्तै मंगलबार साँझ नै उनी पदीय सल्लाहकार रहेको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल शाखा कतारले पनि सम्मानसहित बिदाइ गरेको छ ।

कार्यक्रम परिषद् कतारका कार्यवाहक अध्यक्ष अजय विकको सभापतित्व तथा संस्थापक अध्यक्ष आस बहादुर गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । कार्यक्रममा गण्डकी प्रदेश मातहतका जिल्ला संस्था प्रमुख तथा प्रतिनिधिले शुभकामना मन्तव्य राखेका थिए । वक्ताहरूले पौडेलको मुक्तकण्ठले प्रशंसा गर्दै उनको सरल शैली र मिजासिलो पनको खुलेर तारिफ गरेका थिए । कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि गुरुङले पौडेल प्रदेशसँग स्थापना कालदेखि नै जोडिएको र अन्य संघसंस्था तथा प्रदेशका नेतृत्वकर्ता भन्दा फरक रूपमा संस्था सञ्चालन गरेको भन्दै प्रशंसा गरेका थिए ।

आफ्नो मन्तव्य राख्ने क्रममा पौडेलले सुरुमा नेपाल फर्कने भन्दा निकै हर्ष लागेपनी वास्तवमै दिन नजिकिँदै गर्दा मनमा अमिलोपन बढेको बताए । उनले नेपाल आफ्नो जन्मभूमी भएपनि दुई दशक भन्दा बढी कतारमा बिताएका कारण कतारलाई कुनैपनि अवस्थामा बिर्सन नसक्ने बताए ।

उनले आफू नेपालमा रहँदा आफ्नो आवश्यकता महसुस गरेमा संस्थाले जिम्मेवारी प्रदान गरेमा ती जिम्मेवारी पुरा गर्ने प्रतिवद्धता व्यक्त गरे ।

आफूले प्रदेशको नेतृत्वमा रहँदा गरिएका सबै कार्यक्रमहरू प्रदेश मातहतका जिल्लाको साथ सहयोगले सम्भव भएको बताउँदै उनले आफ्नो १८ महिने लामो कार्यकाललाई सफल बनाउन सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे ।

परिषद्का उपाध्यक्ष बिक्की वि.कले स्वागत, महासचिव कल्याण थापाले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति वि.कले निवर्तमान अध्यक्षका कार्यकालमा सुरुवात भएका राम्रा कामलाई निरन्तरता दिँदै थप रचनात्मक कार्य गरिने बताए ।

कार्यवाहक अध्यक्षमा नन्दलाल वि.क

गण्डकी प्रदेश समन्वय परिषद्को वर्तमान कार्यसमितिको मंगलबार साँझ बसेको पूर्ण बैठकले वरिष्ठ उपाध्यक्ष नन्दलाल वि.क (अजयलाई) परिषद्को का.वा. अध्यक्षको जिम्मेवारी दिने निर्णय गरेको छ । ६ महिना मात्र कार्यकाल बाँकी रहँदै गर्दा परिषद्का अध्यक्ष सागर पौडेल नेपाल फर्कने निश्चित भएसँगै विकलाई जिम्मेवारी दिइएको महासचिव कल्याण थापाले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए । उनका अनुसार अबको ६ महिनाभित्र परिषद्को चौथो साधारण सभा समेत गरिने भएको छ ।

# कर्णालीमा साउन २५ गते सार्वजनिक बिदा



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २३ साउन

कर्णाली प्रदेश सरकारले साउन २५ गते सार्वजनिक बिदा दिएको छ । साउन २५ गते शुक्ल पञ्चमी (नाग पञ्चमी) को अवसरमा प्रदेश सरकारले प्रदेशभर सार्वजनिक बिदा दिएको हो ।

कर्णाली प्रदेश सरकारको गत वैशाख १७ गते बसेको मन्त्रिपरिषद् बैठकले साउन शुक्ल पञ्चमी (नाग पञ्चमी)मा सार्वजनिक बिदा दिने निर्णय गरेको आन्तरिक मामिला तथा कानून मन्त्रालयका प्रवक्ता एवम् उपसचिव उत्तम गौतमले जानकारी दिए ।

मन्त्रालयद्वारा जारी सार्वजनिक बिदासम्बन्धी सूचनामा भनिएको छ, 'मिति २०८१ साउन २५ गते शुक्रवार साउन शुक्ल पञ्चमी (नाग पञ्चमी) को अवसरमा कर्णाली प्रदेशस्थित सबै सरकारी तथा सार्वजनिक संघ संस्थाहरूमा सार्वजनिक बिदा दिने निर्णय (२०८१/०१/१७) मा मन्त्रिपरिषद् बैठकले गरेको छ ।'

# करको दर पुनर्विचार गर्न उपमहानगरको ध्यानाकर्षण



**मकवानपुर/मस-**हेटौंडा उपमहानगरपालिकाले सहकारी संघसंस्थाहरुको लागि गत नगर सभाबाट पारित सहकारी संघसंस्थाले तिर्ने व्यवसाय करको दर अव्यवहारिक रुपमा वृद्धि गरेकोमा सोको पुनर्विचारको गर्न उपमहानगरलाई सहकारी सञ्जाल मकवानपुरले ध्यानाकर्षण गराएको छ ।

मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाको अध्यक्षतामा मंगलबार हेटौंडामा बसेको जिल्ला सहकारी सञ्जालको बैठकले सो कर सहकारी संघसंस्थाको हितमा नभएकोले पुनर्विचार गर्नको लागि ध्यानाकर्षण गराउने निर्णय गरेको थियो ।

सोही अनुसार सहकारी सञ्जाल मकवानपुरले बुधबार हेटौंडा उपमहानगरपालिकाको कार्यालयमा ध्यानाकर्षण पत्र बुझाएको हो ।

ध्यानकर्षण पत्रमा 'सहकारी क्षेत्रको आर्थिक अवस्था जटिल भइरहेको समयमा सरोकारवालाहरुसँग बिना परामर्श एकपक्षीय रुपमा अवैज्ञानिक र अव्यवहारिक रुपमा वृद्धि भएको व्यवसाय करलाई व्यवहारिक र एकरुपता कायम गर्नका लागि अविलम्ब करको दर पुनर्विचार गर्न अनुरोध गर्दछौं' उल्लेख गरिएको छ ।

गत नगरसभाले हेटौंडा उपमहानगरपालिकामा रहेका बहुउद्देश्यीय सहकारी संघसंस्थाहरुलाई वार्षिक १२ हजार रुपैयाँ, बचत तथा ऋण सहकारी संघसंस्थाहरुलाई ८ हजार रुपैयाँ, अन्य सहकारी संघसंस्थाहरुलाई ५ हजार, दुग्ध उत्पादक र कृषि सहकारी संघसंस्थाहरुलाई १ हजार पाँच सय रुपैयाँ व्यवसाय कर निर्धारण गरेको थियो ।

अघिल्लो वर्ष उपमहानगरपालिकाले सबै विषयका सहकारी संघसंस्थाका लागि समान २ हजार ५ सय रुपैयाँ व्यवशाय कर लिने गरेको थियो ।

सहकारी सञ्जाल मकवानपुरले दुग्ध उत्पादक र कृषि सहकारी संघसंस्थाहरुलाई उपमहानगरपालिकाले गत वर्षभन्दा व्यवसाय कर घटाएकोमा धन्यवाद दिँदै बाँकी संघसंस्थाहरुको हकमा वृद्धि गरिएको करको दरलाई घटाई दुग्ध उत्पादक र कृषि सहकारी संघकै समान दर कायम गर्न अनुरोध गरिएको छ ।

ध्यानाकर्षण पत्र बुझ्दै नगर प्रमुख मिना कुमारी लामाले करको दरलाई अर्को नगरसभाबाट परिमार्जन गर्ने बताइन् ।

त्यस्तै उपप्रमुख राजेश बानिँयाले सहकारी संघसंस्थाको व्यवसाय कर निर्धारणको सन्दर्भमा सहकारी सञ्जालको सुझावलाई आत्मसाथ गरि अगाडि बढ्ने बताए ।

ध्यानाकर्षण पत्र बुझाउने क्रममा मकवानपुर जिल्ला सहकारी संघ लि.का अध्यक्ष नारायणप्रसाद देवकोटा, राष्ट्रिय सहकारी महासंघ लि. का सञ्चालक बद्रीप्रसाद लम्साल, जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठ, मकवानपुर जिल्ला बहुद्देश्यीय सहकारी संघ लि.का अध्यक्ष रामहरि न्यौपाने, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि.का अध्यक्ष हरिप्रसाद कँडेल, जिल्ला कृषि सहकारी संघ लि. मकवानपुरकी उपाध्यक्ष रेखा खतिवडा, राष्ट्रिय सहकारी बैंक लि., बागमती प्रदेश कार्यालय प्रमुख रामेश्वर अर्याल, नेफ्स्कुन, फिल्ड कार्यालय हेटौंडाका इञ्चार्ज बिदुर खड्का लगायतको उपस्थिति रहेको थियो ।

# बालविवाह अन्त्य गर्न अभिमुखीकरण

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २३ साउन

बर्दियाको गेरुवा गाउँपालिकामा पालिकास्तरिय बाल अधिकार समिति तथा सरोकारवालाहरुलाई अभिमुखीकरण गराइएको छ ।

प्लान इन्टरनेशनल नेपालको सहयोगमा सञ्चालित बालविवाह न्यूनीकरण परियोजना अन्तर्गत भेरी वातावरणीय विशिष्टता समुह (बि ग्रुप) को आयोजनामा बुधबार अभिमुखीकरण गराइएको हो ।

बाल विवाह अन्त्यका सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक रणनीति, कार्यनीति तथा प्रावधानका बारेमा जानकारी गराउँदै बालविवाह अन्त्यका लागि बाल अधिकार समिति तथा अन्य सरोकारवालाहरुको कर्तव्यका बारेमा जानकारी दिने उद्देश्यले क्षमता अभिवृद्धि तथा अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको बि ग्रुपकी फिल्ड सुपरभाइजर मिना शर्माले बताइन् । गाउँपालिकाको सभाहलमा सम्पन्न कार्यक्रममा संविधान तथा ऐनमा उल्लेख भएका बालबालिकाको परिभाषा, विवाहको अर्थ तथा लिङ्ग, उमेर, जात, प्रकृया अनुसार गरिने विवाह एवम् सामाजिक विवाहका प्रकारहरु, बाल विवाह, बालविवाहका असरहरु, नेपालको संविधान २०७२ ले व्यवस्था गरेको बालबालिकाको हक, बालबालिकाहरुप्रति राज्यले लिएको नीति, बालबालिका सम्बन्धी महत्वपूर्ण कानूनी दस्तावेजहरु, बालबालिकासम्बन्धी ऐन, २०७५ लगायत दिगो विकास लक्ष्य २०३० वारेमा सहभागिहरुलाई अभिमुखीकरण गराउँदै बाल विवाह अन्त्यका लागि सरोकारवालाहरुको कर्तव्यका बारेमा छलफल गरिएको थियो । कार्यक्रममा गेरुवा गाउँपालिका अध्यक्ष जमान सिंह के. सी., उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी, प्रमुख प्रशासकिय अधिकृत नर बहादुर चन्द, पालिकाकाका छ वटै वडाका वडा अध्यक्षहरु, बाल अधिकार समितिका पदाधिकारी तथा सदस्यहरु लगायत विषयगत शाखाका शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण परामर्शदाता शिवलाल पाण्डेले गरेका थिए ।

## असुरक्षित...

मानिएको हवाई सेवा सुरक्षाप्रति गम्भीर प्रश्न खडा गरेको छ ।' नेपालका सबै एयरलाइन्सको, टेक्निकल अडिट, फाइनान्सियल अडिट र अप्रेसनल अडिट सुक्ष्म रूपमा नगर्ने हो भने छिट्टै अरु दुर्घटना निम्तने खतरा रहेको उनले औंल्याए ।

हवाई सुरक्षालाई भरपर्दो र प्रभावकारी बनाउन अन्तर ाष्ट्रिय चासोका रूपमा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरण विभाजनसम्बन्धी विधेयकलाई चाँडो पारित गरेर नियामक र सेवा प्रदायकका रूपमा बनाउन अपरिहार्य भइसकेकोमा यस क्षेत्रका सरोकारवालाहरूको जोड रहेको छ ।

## जाँचबुझ...

अप्रत्यासित छ । किनभने, काठमाडौँमा 'भिएफआर फ्लाइट' चलिरहेको थियो । काठमाडौँबाट पाँच किलोमिटरसम्मको 'भिजिबिलिटी क्लियर' थियो ।

प्राधिकरणका अधिकारीहरू भन्छन्, काठमाडौँको नजिकै जुनकिसिमको हवाई दुर्घटना भएको छ, यसले प्राधिकरणलाई गम्भीर बनाएको छ । प्राधिकरणले पनि आफ्नो आन्तरिक छानबिन गर्नेछ ।

## बालविवाह...

उनले ५ जोडीका अभिभावक सम्पर्कमा नआएको बताए । बालबालिका न्यूनीकरण परियोजनाकि संयोजक सृजना बस्नेत भागेर बालविवाह गरेका जोडी प्रहरीमा आएको खण्डमा अभिभावकलाई जिम्मा लगाउनु अघि मनोपरामर्शकर्ताको सहायता लिएर बालविवाहको बेफाइदाको बारेमा काउन्सेलिङ गराउनु आवश्यक रहेको बताउँछन् ।

उनी प्रश्न गर्छन, 'उमेर नपुगेका कारण एक पटकलाई छुट दिएर अभिभावकको जिम्मा लगाएका बालबालिकाले पुनः बालविवाह गरेमा त्यसको जिम्मेवारी कसले लिन्छ ?'

## यूएईमा...

अनुमतिपत्र नलिइ मादक पदार्थ ओसारपसार गर्ने वा आफू बस्ने स्थानमा संकलन गरी राख्ने, जथाभावी धुम्रपान गरी चुरोटको ठुटा, खानाको प्याकेट सार्वजिक स्थलमा जथाभावी फ्याँक्ने, ट्राफिक नियमको उल्लंघन गरी जेब्रा क्रसिङ र ट्राफिक सिंग्नलबाहेकका क्षेत्रबाट बाटो काट्नेदेखि नाता सम्बन्धबाहेकका महिला-पुरुषले सार्वजनिक स्थलमा चुम्बन अंकमाल गर्ने, एउटै कोठामा बस्ने जस्ता खराब कार्य गरिरहेको गुनासो पटक-पटक सार्वजनिक हुने गरेको छ ।

## फास्ट...

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संसदको यही अधिवेशनबाट पास गर्ने प्रतिबद्धता जनाएका छन् ।

प्रतिवेदन बुझेपछि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले भने, 'यसलाई मैले नयाँ सरकार बनेपछि भएको एउटा राम्रो काम ठानेको छु ।'

सत्तारुढ नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले यो सहमतिअनुसार शान्ति प्रक्रियाका बाँकी काम टुंगोमा पुऱ्याउँदा विश्वका लागि अनुकरणीय हुने बताए । उनले भने, 'यो काममा सबैलाई सफलता मिलोस् ।'

एमाले अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले शान्ति प्रक्रियाको बाँकी काम टुंग्याउन यो सहमति टर्निङ प्वाइन्ट भएको बताए । 'अब कानुनका हिसाबले शान्ति प्रक्रियाको अन्तिम किस्ता बेपत्ताहरुको खोजबीन र सत्य निरुपणलाई अन्तिम रुप दिने कानुनी अन्यौल छैन, दुविधा छैन', उनले भने । नेकपा एमालेका मुख्य सचेतक महेश बर्तौला, नेपाली कांग्रेसका रमेश लेखक र नेकपा माओवादी केन्द्रका जनार्दन शर्मा सदस्य रहेको कार्यदलले शीर्ष तीन नेतालाई बुझाएको प्रतिवेदनमा संसदीय समितिमा मिल्न नसकेका चारवटा विषयमा सहमतिको विषय उल्लेख गरिएको छ ।

गत असार १३ गते गठन भएको कार्यदलले बनाएको प्रतिवेदनमा मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषा, मेलमिलापको लागि स्वतन्त्र सहमति हुन नसकेका घटना, सशस्त्र द्वन्द्वमा जोडिएका तथा प्रभावित व्यक्तिहरू र मृत्यु भएका, घाइते तथा अपाङ्ग भएका सुरक्षाकर्मी वा उनीहरूका परिवारलाई समेट्ने विषय समावेश छ ।

मनसायपूर्वक अथवा स्वेच्छाचारीपूर्वक गरिएको हत्यालाई मानवअधिकारको गम्भीर उल्लंघनमा राख्नेमा कार्यदलले सहमति जुटाएको छ । मानवअधिकारको उल्लंघनका घटनामा सहमतिका लागि पीडितको सहमति अनिवार्य गरिएको छ ।

द्वन्द्वकालीन मुद्दामा ७६ प्रतिशत घटी सजाय माग दाबी ग दैं मुद्दा लैजान सकिने गरी सहमति जुटेको छ ।

कार्यदलमा भएको सहमति अनुसार द्वन्द्वकालमा मारिएका तथा घाइते भएका सुरक्षाकर्मीको परिवारलाई पीडित सरह परिपूरण दिइनेछ । प्रतिवेदन अनुसार बहिगर्मित लडाकुहरुले द्वन्द्व प्रभावितका रुपमा परिपूरण पाउनेछन् ।


UAE मा रोजगार | कम्पनी : Nesto Management Office L.L.C Sole Proprietorship SHJ BR
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०४/१३ चलानी नं.: ६०२२३२२४ L.T. No.: 308086

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Officer | 155 | 30 | | 1200 | ४३,७८८ | | | | | | | |
| 3. | Waiters | 5 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३१ गते (15 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२

कम्पनी नै खोलेर अनलाइन ठगी

# ९ भारतीय पक्राउ, ३ जना फरार

राजकुमार के.सी./मध्यान्ह
मकवानपुर, २३ साउन



हटौंडामा पछिल्लो समय अनलाइन ठगीका घटनाहरु बढ्दै गएका छन्। बुधबार मात्रै हेटौंडामा अनलाइन ठगी गर्ने ९ जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले बुधबार पत्रकार सम्मेलन गरी ठगीमा संलग्नलाईसार्वजनिक गरेको छ।

हेटौंडा उपमहानगरपालिका वडा नं. ४ मा 'मेडि असिष्ट' नामक कम्पनीमार्फत अनलाइन ठगीको कारोबार गरिरहेको सूचनाका आधारमा छापा मार्ने क्रममा ९ जनालाई गत सोमबार साँझ पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालले बताए।

रिजालले उक्त कम्पनीमा १२ जना भारतीय नागरिक कार्यरत रहकोमा ३ जना फरार रहेको समेत जानकारी दिए। पक्राउ पर्नेहरूमा भारतका विभिन्न राज्यका ४० वर्षीय कुनाल शर्मा, ३८ वर्षीय लोकेश कुमार दुवे, ३४ वर्षीय विशाल कक्कड, २९ वर्षीय कुन्दन कुमार, २९ वर्षीय विकास कुमार सिंह, २८ वर्षीय अरुण कुमार, २८ वर्षीय नवनित कुमार, २७ वर्षीय शाहरुख खान, २६ वर्षीय आशिष कब्डौला रहेका छन्।

यस्तै फरार हुनेमा द्रबिनकुमार सिंह, रजत शर्मा र प्रकाश नाम गरेका ३ जना भरतीय नागरिक रहेका छन्।

छापाका क्रममा प्रहरीले विभिन्न कम्पनीका ७ थान ल्यापटप, १३ थान मोबाइल, हार्ड डिस्क, राउटर लगायतका उपकरणहरू बरामद गरेको छ।

प्रहरी अनुसन्धानको क्रममा परामर्श सेवा प्रदान गर्ने उद्देश्यसहित २०८० फागुन १० गते हेटौंडा उपमहानगरपालिकामा द्रबिनकुमार सिंहको नाममा 'मेडि असिष्ट'कम्पनी दर्ता गरी अनलाइन ठगीको कारोबार गर्दै आएको पाइएको प्रहरी उपरीक्षक रिजालले बताए।

अनुसन्धानका क्रममा उक्त समूहले भारतको राँचीमा रहेको मुख्य कार्यालयसँग जडान गरिएको क्वीइक कल क्लिन सफ्टवेयर प्रयोग गरी ठगी गर्ने गरेको खुलेको प्रहरी उपरीक्षक रिजालले बताए। उक्त सफ्टवेयरमार्फत नेपाली तथा विभिन्न देशका व्यक्तिहरूलाई लक्षित गरी उनीहरूको व्यक्तिगत जानकारी संकलन गरी भारत पठाउने गरेको रिजालले बताए।

प्रहरीले यस घटनालाई मुलुकी अपराध संहिता, २०७४ अन्तर्गतको कसुर अनुरुप कारबाही अगाडि बढाउने बताएको छ।

पक्राउ परेका ९ जनालाई जिल्ला अदालत मकवानपुरबाट १० दिनको म्याद लिइ अनुसन्धान भइरहेको र फरार व्यक्तिहरुको खोजकार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

## नागरिकता लिनेभन्दा राष्ट्रिय परिचयपत्र र राहदानी बनाउने उच्च



सुर्य प्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, २३ साउन

अर्घाखाँचीमा राष्ट्रिय परिचय पत्र र राहदानी बनाउनेको संख्या उच्च रहेको पाइएको छ। जिल्ला प्रशासन कार्यालयका अनुसार १ लाख २३ हजार ४ सय ९५ ले परिचयपत्र र राहदानी लिएका छन्।

प्रशासन कार्यालयबाट झण्डै ४७ हजार, नगरपालिका, गाउँपालिकाको समन्वयमा वडास्तरको घुम्ती शिविरबाट झण्डै ६७ हजार राष्ट्रिय परिचय पत्रको विवरण संकलन गरिएको प्रमुख जिल्ला अधिकारी सुर्य बहादुर खत्रीले जानकारी दिए।

अर्घाखाँचीमा राष्ट्रिय परिचय पत्र बनेकामध्ये हालसम्म २९ हजार ५ सय ४८ कार्डहरु जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीमा आएको प्रशासकीय अधिकृत तथा सूचना अधिकारी नुमलाल पन्थीले बताए।

त्यसमध्ये विभिन्न व्यक्तिहरुलाई वितरण गरेको संख्या ५ सय ३० रहेको अधिकृत पन्थीको भनाइ छ। घुम्ती शिविरमार्फत वडास्तरको अभियानबाट बनेका परिचय पत्रमा विभिन्न समस्या देखा परेको सेवाग्राहीले गुनासो गर्ने गरेका छन्।

राष्ट्रिय परिचय पत्र बनेपछि केही समयपछि सम्बन्धित व्यक्तिको मोबाइलमा कोड नम्बर आउँछ। तर उक्त कोड नम्बरको बारेमा आफुहरुलाई कुनै जानकारी नआएको सेवाग्राहीको गुनासो छ।

परिचय पत्र बनेपछि अनिवार्य त्यो कोड नम्बरसहित आउनुपर्ने र यो समस्या वडास्तरमा अभियानको क्रममा धेरै रहेको सूचना अधिकारी पन्थीले बताए। उनले समस्या समाधान प्रशासन कार्यालयले गर्ने भएपनि समय बढी लाग्न सक्ने बताए।

यस्तै प्रशासन कार्यालयमा अहिले नागरिकता भन्दा राहदानी बनाउनेको संख्या उच्च देखिएको छ। प्रशासन कार्यालयबाट गत आर्थिक वर्ष २०८०/०८१ मा ७ हजार ६ जनाले नागरिकताको प्रमाणपत्र लिँदा ७ हजार ३६३ जनाले राहदानी बनाएको सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्याले जानकारी दिए।

गत आर्थिक वर्षमा नेपाली नागरिकताको प्रमाणपत्र लिनेको तुलनामा राहदानी बनाउनेको संख्या ३ सय ३० ले बढी देखिएको उपाध्याले बताए।

एक वर्षको अवधिमा १० हजार ८ सय ६१ वटा नागरिकताको प्रतिलिपि दिइएकोमा १८ वटा गैरआवासीय नागरिकता जारी गरिएकोमा ६ वटा वैवाहिक अंगिकृत नयाँ नागरिकता दिएको प्रशासकीय अधिकृत दुर्गा न्यौपानेले बताइन्।

अर्घाखाँचीमा अहिलेसम्म वैदेशिक रोजगारीमा ठगीका १० वटा उजुरी परेका छन्। जसमध्ये चार वटा उजुरी छिनोफानो भएका छन् भने छ वटा प्रक्रियामा रहेकोले छिटो समस्या समाधान हुने छन्। ठगी गर्नेबाट १० लाख ४६ हजार रुपैयाँ पीडितलाई फिर्ता गरिएको प्रशासकीय अधिकृत न्यौपानेको भनाइ छ।

### अधिकृत वारेसनामा बदर गरिएको सार्वजनिक सूचना

जिल्ला कपिलवस्तु साबिक कृष्णनगर गा.बि.स. वडा नं. ९ हाल कृष्णनगर न.पा. वडा नं. ३ मौजा चैपुरवा बस्ने निजमल खाँको नाति, जहिर अहमद खाँको छोरा अफजल खाँ (ना. प्र. नं. ४/१३/७४०९ जि.प्र.का. तौलिहवा २०६०-०७- १८) आगे मेरा नाउँमा दर्ता कायम रहेको कपिलबस्तु जिल्ला साबिक बिसनपुर गा.बि.स. वडा नं. ४क, ४ग र ४घ अन्तर्गतका ३६७, १४२, १४८, १५०, १५१, ४२५, ४०२, ५९ र १८३ कित्ता नं. का जग्गा बिक्री बितरण, सट्टापट्टा गर्न वा हालैदेखिको बक्सपत्र गरिदिन वा राजीनामा रजिष्ट्रेशन गर्न जिल्ला कपिलवस्तु साबिक कृष्णनगर गा.बि.स. वडा नं. ९ हाल कृष्णनगर न.पा. वडा नं. ३ मौजा चैपुरवा बस्ने फौजदार खाँको नाति, निजामुल खाँको छोरा बर्ष ५६ को जहिर अहमद खाँ (ना.प्र.नं. २७६३३ जि.प्र.का. तौलिहवा मिति २०३६-०८-२३) लाई मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५३(१) बमोजिम मिति २०७५/०८/१९ मा कपिलवस्तु जिल्ला अदालतका मान्या ज्युको रोहवरमा भएको अधिकृत वारेसको लिखत बदर गरिएको छ।


# Cyprus मा रोजगारको अवसर

१.कम्पनी: Ero Christoforou Private Employment Agency., Cyprus, Paphos.
पूर्व स्वीकृती मितिः- २०८१।१।२० चलानी नं. ६०२१८८८७ LT.No.304061 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barmaid | 1 | काममा दक्ष | 800 | १,१६,९५२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२.कम्पनी: Mavromatis Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मितिः- २०८०।११।२४ चलानी नं. ६०२१६१४८ LT.No.301182 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Assistant | 2 | काममा दक्ष | 560 | ८१,८६६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १,५००/- | रु.३०,०००/- |

अन्तर्वार्ता २०८१ श्रावण ३१ गते (15 Aug., 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

APPS Govt. Lice. No.: 1172/073/074
Apps Services Pvt.Ltd.
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com



# साउदीमा रोजगार

कम्पनी : Houria Abdullah Bin Ali Al Sinan Contracting Est
शहर: Saudi Arabia, Dammam
पुर्व स्वीकृत मिति: २०८१/०४/२३ चलानी नं.: ६०२२३२२० L.T. No.: 308589

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Demolish Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन ३१ गते (15 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अल रायन इन्टरप्राइजेज प्रा. लि.
श्रम इजाजत नं. ४१६/०६०/०६१
सिनामंगल,तिलगंगा रोड नं ०३, काठमाडौं, नेपाल, फोन:०१-४४१२१७१
मो: ९८५१०६०१८५, Email: alryanktm@gmail.com



# SAUDI मा रोजगार

कम्पनी: BABY MUDHI AL QURAINI CONTRACTING COMPANY
शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०४/२३ चलानी नं.: ६०२२३२०९ L.T. No.: 308559

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३१ गते (15 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.
श्रम ईजाजत नं. ११५/०५५/०५६
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४५९५७४९, ९८५११०९३९१, ९८६९६३४७८८



# यूएई र कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: LIVESPACE DESIGN LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०४/२३ चलानी नं.: ६०२२३२१७ LT. No.: 308553

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter General | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician (General) | 2 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |
| 3. | Paint Buildings (Painter) | 2 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |

कम्पनी: AL ZAIN JEWELLERY शहर: Doha
पूर्व स्वीकृत मिति: २०८१/०४/२३ चलानी नं.: ६०२२३२१२ LT. No.: 308195

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Jeweler | 1 | 0 | स. काममा दक्ष | 1100 | ४०,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३१ गते (15 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ZIA Gov. Lic. No. 633/063/064
Zia International Services Pvt. Ltd.
(Al Quraish International (P) Ltd.)
Gaushala-9, Kathmandu, Tel.: 01-4475555
Email: ziaintls@gmail.com | www.ziaintlservices.com



# साउदीमा रोजगार।

कम्पनी : TAYYIBAT KHALUFAH MAINTENANCE & CLEANING EST.
शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०४/२३ चलानी नं.: ६०२२३२२१ L.T. No.: 308575

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३१ गते (15 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Manjushree Overseas Services (P) Ltd.
मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोन: ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np



# SAUDI र UAE मा रोजगार

कम्पनी : PIONEERS PLASTIC FACTORY
शहर : Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०४/२३ चलानी नं.: ६०२२३२११ LT. No.: 308593

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NOON COMPANY FOR PLASTIC FILES AND AGENDAS शहर : Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०४/२३ चलानी नं.: ६०२२३२१३ LT. No.: 308595

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manufacturing Worker | 1 | 0 | | 1000 | ३५,७०० | | | | | | | |

कम्पनी : SERVEU शहर : ABU DHABI
पूर्व स्वीकृत मिति: २०८१/०४/२३ चलानी नं.: ६०२२३२१० LT. No.: 308558

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Janitor | 55 | 50 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Life Guards | 20 | 5 | | 1200 | ४३,७८८ | | | | | | | |
| 3. | Security Guard | 50 | 20 | | 2100 | ७६,६२९ | | | | | | | |

अन्तर्वार्ता सेन्टर पोइन्ट होटल, विर्तामोड, झापामा २०८१ साउन ३१ गते (15 August 2024) मा हुनेछ।
अन्तर्वार्ता बाजेको सेकुवा, पोखरा, कास्कीमा २०८१ साउन ३२ गते (16 August 2024) मा हुनेछ।
अन्तर्वार्ता सुनसरी पार्टी प्यालेस, इटहरी, सुनसरीमा २०८१ भदौ १ गते (17 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.
श्रम इजाजत नं. ६८८/०६३/०६४
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बसुन्धरा, काठमाडौं
फोन: ४३७९०९१, ४३७६५६६, फ्याक्स: ४३७९०४७, Email: -info@ayushintl.com
मोबाईल नं.: ९८०१२८०८०४/ ९८०१२८०८२३ / ९८०१२८०८२५



# युएईमा रोजगार

कम्पनी: JORDANIAN IND. CO. - L.L.C - BRANCH 2
शहर: UAE
**व्यक्तिगत जमानी दिनेहरूको विवरण**

| | |
|---|---|
| **प्राईभेट फर्म धनिको नाम/व्यक्तिगत जमानिकर्ता : जौ माया परियार**<br>बाबु : उमे दमै<br>बाजे : खिन्ने दमै<br>ना.प्र.नं. : ३७२०२४/७८२५२<br>जारी मिति : २०६९/०८/१२, जि.प्र.का : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा वडा नं. ०४ ।<br>हाल : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा वडा नं. ११ । | **व्यक्तिगत जमानिकर्ता : चित्र कला थापा**<br>बाबु : उमे दमै<br>पति : पदम थापा<br>ना.प्र.नं. : ३७–०२–७३–०३४२०<br>जारी मिति : २०७३/०४/३१, जि.प्र.का : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा वडा नं. ०९ ।<br>हाल : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा वडा नं. ११ । |
| **व्यक्तिगत जमानिकर्ता : शुसिला श्रीस**<br>बाबु : चन्द्र बहादुर श्रीस<br>पति : तिलक बहादुर ओली<br>ना.प्र.नं. : ४/१२/१२१८९<br>जारी मिति : २०६३/०२/१५, जि.प्र.का : कपिलवस्तु<br>ठेगाना : कपिलवस्तु जिल्ला खुरुहुरिया गा.वि.स वडा नं. ०५, को परिवर्तित कपिलवस्तु जिल्ला विजयनगर गा.पा. वडा नं. ०५ ।<br>हाल : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा वडा नं. ११ | **धितो सुरक्षणमा रहेको सम्पतिको विवरण :**<br>श्रीमती जौ माया परियारको नाममा मा.पो.का, भैरहवा रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, ख.बनगाई गा.वी.स/न.पा. वडा नं. ०४, नक्सा सिट नं. ०९८१३४८ स्थित कि.नं. ७९१ को क्षेत्रफल ०-०-०-० (३३८.६३ ब.मी) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |

**शर्तहरू:**

१. बोलपत्र फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निणर्य अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्ने छ ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७ औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फाराममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं ।
**समय :** दिउसो ४:०० बजे, **मिति :** २०८१/०४/३१ ।

### साउदीमा रोजगार | कम्पनी: RIYADAH TRANSPORTATION SERVICES COMPANY IS A ONE- PERSON COMPANY

शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०८१/०४/२२ | चलानी नं.: ६०२२३१७४ | L.T. No.:308513

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 2 | 0 | स. काममा दक्ष | 1900 | ६७,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन ३१ गते (15 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Superb Solutions Pvt. Ltd.**
कालिमाटी डोल, एयरपोर्ट, काठमाडौ, फोन : ४४६१२४३, ४४९५१८
Govt Lic. No. 264/058/059
Email: info@superbsolutions.com.np, Website: www.superbsolutions.com.np
Mobile: 9851324654 | 9811837449 | 9746504113 | 9851077524

### ओमनमा रोजगारको अवसर | कम्पनी : CIVIL AVIATION CLUB

शहर : Oman, Boushar

पूर्व स्वीकृत मिति:२०८०/११/१३ | चलानी नं.:६०२१५४९४ | LT. No.: 300562 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Clean Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४१७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chambermaid | 3 | 0 | | 120 | ४१७९० | | | | | | | |
| 3. | Cleaner/public Building | 2 | 0 | | 100 | ३४८२५ | | | | | | | |
| 4. | Carpet Cleaner | 2 | 0 | | 120 | ४१७९० | | | | | | | |
| 5. | Agriculture/worker Helper | 2 | 0 | | 100 | ३४८२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३१ गते (15 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Pasa INTERNATIONAL PVT. LTD.**
"A friend at your service"
Kupondol, Lalitpur, Tel: 5439331, 5454499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np, pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

## काभा भलिबल

# भारतलाई उपाधि, नेपाल उपविजेतामै सीमित

**काठमाडौं/मस-** भारतले सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) महिला नेसन्स लिग भलिबलको उपाधि जितेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा बुधबार भएको फाइनलमा भारतले नेपाललाई ३-२ को सेटमा पराजित गऱ्यो । खेलको पाँचौं तथा निर्णायक सेट १५-५ को जित निकाल्दै भारतले उपाधि जितेको हो ।

खेलको पहिलो सेट नेपालले जित्यो । करिब ३० मिनेट चलेक उक्त सेट नेपालले २५-२३ ले आफ्नो पक्षमा पाऱ्यो । निकै प्रतिस्पर्धात्मक बनेको सेट २१-२३ को स्थितिलाई सुधार्दै नेपालले २३-२३ को बराबरीमा ल्यायो । त्यसपछि नेपालले लगातार दुई अंक बटुल्दै पहिलो सेट जित्न सफल भयो ।



खेलको दोस्रो सेट भने नेपालले गुमायो । करिब २१ मिनेट चलेको सेटमा भारतले नेपालविरुद्ध २५-१४ को जित निकाल्यो ।

खेलको तेस्रो सेटको शुरुवात राम्रो गरेको नेपालले शुरुमा ३-० को अग्रता लिएको थियो । प्रतिस्पर्धात्मक बनेको सेट नेपालले २५-२२ ले जित्यो । खेलको चौथो सेटमा भारतले खेलमा पुनरागमन गर्दै २५-२१ ले आफ्नो पक्षमा पाऱ्यो ।

नेपालले यसअघि सन् २०१९ मा दक्षिण एसियाली खेलकुद सागमा भारतसँग बेष्ट अफ फाइभमा फाइनलमा हार व्यहोरेको थियो ।

फाइनलमा युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरी, काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाह र उपप्रमुख सुनिता डंगोल, राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङलगायतको उपस्थिति थियो ।

इरानले श्रीलंकालाई पराजित गर्दै प्रतियोगितामा तेस्रो स्थान हासिल गरेको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा बुधबार भएको खेलमा इरानले श्रीलंकालाई ३-० को स्कोरमा सेटमा पराजित गर्दै प्रतियोगितामा तेस्रो स्थान हासिल गरेको हो । इरानले श्रीलंकामाथि २५-२२, २८-२६, र २५-१७ ले पाखा लगाउँदै जित हासिल गरेको हो ।

## आठौं पोखरा स्पोर्ट्स अवार्डबाट झण्डै २ लाख बचत

**पोखरा/मस-** नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले पोखरा स्पोर्ट्स अवार्ड २०८० बाट करिब दुई लाख रुपैयाँ बचत गरेको छ । मञ्चले बुधबार पोखरा २५, हेमजास्थित सुइखेत रिभर भ्याली रिसोर्टमा सातौं स्थापना दिवसको अवसरमा आठौं पोखरा स्पोर्ट्स अवार्ड २०८० को आयव्यय तथा समीक्षा कार्यक्रम मार्फत स्पोर्ट्स अवार्डको आयव्यय सार्वजनिक गरेको हो । उक्त अवार्ड कार्यक्रमका लागि सरकारी तथा विभिन्न निकायहरूबाट आम्दानीतर्फ १८ लाख ५० हजार ५ सय ३६ रुपैयाँ र खर्चतर्फ १६ लाख ६४ हजार २५९ रुपैयाँ गरि एक लाख ८६ हजार २७७ रुपैयाँ बचत गर्न सफल भएको मञ्चका कोषाध्यक्ष एवम् आर्थिक व्यवस्थापन उपसमिति संयोजक कविता घर्तिमगरले जानकारी दिइन् । यसका अलावा मञ्चलाई विभिन्न व्यक्ति तथा व्यापारिक प्रतिष्ठानहरूबाट तीन लाख ६२ हजार रुपैयाँ बराबरको सहयोग प्राप्त भएको थियो ।

पोखराको ब्रान्ड बनिसकेको अवार्ड भव्य बनाउन कुनै कसर बाँकी नराखेको मञ्चका अध्यक्ष एव स्पोर्ट्स अवार्ड आयोजक मूल समिति संयोजक दीननाथ बरालले दाबी गरे । उनले भने, 'पोखराको ब्रान्डको रुपमा स्थापित भइसकेको अवार्ड कार्यक्रमलाई सरकारी तथा विभिन्न संघसंस्था र शुभेच्छुकहरूलाई जुन किसिमको साथ पायौं, यो हाम्रो लागि गौरवको कुरा हो । उहाँहरूसँग आगामी दिनपनि हातेमालो गर्दै अगाडि बढ्ने छौं ।' अवार्ड कार्यक्रमको गरिमालाई हेरेर अझैपनि सहयोगीहरूले सघाउने प्रतिबद्धता जनाइरहेको बरालको भनाइ थियो । उनका अनुसार अझै दुई लाख बढी रकम मञ्चलाई छिट्टै प्राप्त हुने क्रममा रहेको छ ।


### मोटरसाईकल हरायो

मिति २०८१/०४/२२ गते १२:००-१५:०० बजेको समयमा का.जि. बसुन्धरास्थित नेपाल पूर्व प्रहरी संगठनको पार्किङबाट गरि राखेको बा.प्र. ०४६ प ८०९३ नम्बरको 220cc बजाज कालो/रातो रङको मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी** : **हुलास फिन सर्भ लि.**
**(ऋणी)** : **किरण गड्तौला**
**ईन्जिन नं.** : DKXCNM 37976
**च्यासिस नं.** : MD2A13EX4NCN 83629
**सम्पर्क नं.** : **९८५१३२३८०२**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०४/२४**

शेर्पा होम रिसोर्ट प्रा.लि.को २०८१/०४/०२ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **शेर्पा होम प्रा.लि. (प्रा.लि. नं.: ३१७२५०)** कायम गर्ने गरी मिति २०८१/०४/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


*"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"*

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दमक, झापा**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र/दरभाउपत्र स्वीकृत हुने आशयको सूचना

**प्रकाशित मिति : २०८१/०४/२४**

दमक नगरपालिकाबाट प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरु/दरभाउपत्रहरुका सम्बन्धमा दमक नगरपालिकाको निर्णयानुसार देहायको बोलपत्र/दरभाउपत्र न्यून मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र (३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ठेक्का नं. | कामको बिबरण | छनौट भएको बोलपत्रदाता/दरभाउपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम भ्याट सहीत रु. |
|---|---|---|---|---|
| 1. | DMO/JHAPA/SQ/PRINTED/STATIONARY/2081-2082 | Procurement of Printed Stationary Items for Damak Municipality 2081-2082 | 3D Printers and Publishers Bhakatpur, Gathaghar | 6,15,963.00 |
| 2. | DMO/JHAPA/SQ/STATIONARY/2081-2082 | Procurement of Stationary Items for Damak Municipality 2081-2082 | Rimal Enterprises Old Baneshwor, Kathmandu | 9,72,986.50 |

**प्रमुख प्रशासकीय अधिकृत**

**राजपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राजपुर, रौतहट**
**मधेस प्रदेश, नेपाल**

### सूचि दर्ता सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०४/२३**

उपरोक्त सम्बन्धमा यस कार्यालयको आ.व.२०८१/०८२ मा आवश्यक पर्ने तपसिल बमोजिमका सामान तथा सेवाहरु आपूर्ति गर्ने इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म संस्था वा कम्पनीबाट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम मौजुदा सूचि दर्ताका लागि सार्वजनिक सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस कार्यालयको खरिद इकाई समिति/जिन्सी शाखामा रितपूर्वक आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**खरिद तथा आपूर्ति सम्बन्धी**
१. स्टेशनरी, मसलन्द
२. छपाई सम्बन्धी
३. फर्निचर तथा फर्निसिङ सम्बन्धी
४. कम्प्युटर तथा बिजुली बत्ती र इलेक्ट्रिक सामान सम्बन्धी
५. सवारी साधन
६. औषधी

**मर्मत सम्बन्धी**
१. बिजुली बत्ती, इलेक्ट्रोनिक्स उपकरण सम्बन्धी (कम्प्युटर, प्रिन्टर, युपियस, इन्भर्टर इत्यादि)
२. सार्वजनिक निर्माण, मर्मत सम्भार आदि कार्य
३. फर्निचर तथा फर्निसिङ
४. सवारी साधन
५. पूर्वाधार तथा मर्मत सम्बन्धी

**सेवा सम्बन्धी**
१. रेडियो, टेलिभिजन, पत्रपत्रिकामा सूचना सन्देश प्रकाशित गर्ने सम्बन्धी
२. सरसफाई सम्बन्धी
३. परामर्श तथा सेवा सम्बन्धी
४. पञ्जिकरण, पशु, कृषि, शिक्षा, स्वास्थ्य सम्बन्धी आवश्यक सामाग्रीहरु तथा उपकरणहरु

**दरखास्त साथ अनिवार्य पेश गर्नुपर्ने कागजातहरु**
१. फर्म दर्ता व्यवसाय दर्ता, सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि
२. स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
३. आर्थिक वर्ष २०८०/०८१ को कर भुक्तान प्रमाण पत्रको प्रतिलिपि
४. प्रत्येक समूहको लागि छुट्टाछुट्टै आवेदन
५. म्याद नाघि आएको शिर्षक उल्लेख नभएको, आवश्यक प्रमाण पत्रको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।
६. सूचि दर्ताको मान्य अवधि आ.व. २०८१/०८२ को असार मसान्तसम्मको हुनेछ ।

**(खुर्सैद आलम)**
**नि.प्रमुख प्रशासकीय अधिकृत**


## यूएईमा रोजगारको अवसर |
कम्पनी: AL ZUBAIDI
शहर: UAE

पुर्व स्वीकृत मिति: २०८०/१२/०२ चलानी नं.: ६०२१६६२८ LT. No.: 301624 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter/Packer | 20 | 0 | स. काममा दक्ष | 1200 | ४३,७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३१ गते (15 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
श्रम इजाजत नं. १४६९/०७४/०७५
चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com
Phone No : 9823837020, 9819779867, 9806754558, 9851189627
9761885190, 9863068268, 9841723745, 9856065197

## साउदीमा रोजगार |
कम्पनी : ALI H. AL-GHAMDI UNITED CO.
शहर: Saudi Arabia

पूर्व स्वीकृत मिति: २०८१/०४/२० चलानी नं.: ६०२२०६४३ L.T. No.: 305898

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३२ र भदौ १ गते (16 & 17 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/ कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
Opposite of Basundhara Chowki, Ph.: 01-496 1111, 436 6318, Fax: 436474
Email : cv@motherlandoverseas.com,info@motherlandoverseas.com

## SAUDI मा रोजगार |
कम्पनी : MOHAMMED MAJID AL MUTAIRI CONTRACTING COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मिति:२०८१/०४/२३ चलानी नं.:६०२२३१८२ LT. No.: 308504

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय चाकुपाट, ललितपुरमा २०८१ साउन ३१ गते (15 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.**
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
चाकुपाट, ललितपुर, नेपाल, फोन : 01-5268224, 9851008664.

## ओमनमा रोजगारको अवसर |
कम्पनी: BAHGET ALRAYAN INTERNATIONAL
शहर: Oman,North Al Batinah

पुर्व स्वीकृत मिति: २०८१/०४/२२ चलानी नं.: ६०२२३१७७ L.T. No.: 308421

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 1 | स. काममा दक्ष | 170 | ५९,२७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन ३१ गते (15 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
श्रम ईजाजत पत्र नं. ४४८/०६०/०६१
सम्भु मार्ग रोड नं. ३ एर्यरपोट, काठमाडौं फोन नं. ०१-५५१८७५.
मो. : ९८१३९८६०२३, ९८१३४०७७२९ E-mail: apply.ozone1@gmail.com

**यस कार्यालयको लागि केही कर्मचारीहरू आवश्यकता भएकोले १२ पास गरेका उमेर २५ बर्ष भन्दा कमका इच्छुक व्यक्तिहरुले यस कार्यालयमा सिधै सम्पर्क गनुहोला ।**

## MALTA मा रोजगार |
कम्पनी : TOTAL MANAGEMENT SOLUTIONS CO. LTD.
शहर: Birkirkara, Malta

पूर्व स्वीकृत मिति: २०८०/०७/१३ चलानी नं.: ६०२०९४८१ LT. No.:294201 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | House Keeping | 20 | 0 | सम्बन्धित काममा दक्ष | 817 | ११९,४३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 0 | 20 | | 817 | ११९,४३७ | | | | | | | |
| 3. | Waiter | 20 | 0 | | 900 | १३१,५७१ | | | | | | | |
| 4. | Waitress | 0 | 20 | | 900 | १३१,५७१ | | | | | | | |
| 5. | Barista | 10 | 0 | | 900 | १३१,५७१ | | | | | | | |
| 6. | Chef/commi/demmi | 10 | 0 | | 1200 | १७५,४२८ | | | | | | | |
| 7. | Bartender | 10 | 0 | | 900 | १३१,५७१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन ३१ गते (15 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मित्र ओभरसिज सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. २९७/०५८/०५९
सिनामंगल-९, काठमाडौं, फोन: ०१-४११०६८८
Email: mitraoverseas@yahoo.com, शाखा कार्यालय: ईटहरी सम्पर्क नः ०२५-५८०६८९

## साउदी र कुवेतमा रोजगार |
कम्पनी: DESERT CONSTRUCTION CONTRACTING COMPANY
शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०८१/०३/३० चलानी नं.: ६०२२२२३३ LT. No.: 307512 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Constrcution Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: FREE BULL INTERNATIONAL RESTAURANT AND CAFÉ CO. शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०४/१८ चलानी नं.: ६०२२३०४३ LT. No.: 308338 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 1 | 4 | स. काममा दक्ष | 135 | ५९,१७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३१ गते (15 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**हेभन ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३७७/०५९/०६०
पोष्ट बक्स नं: ९९२४, पिंगलास्थान, गौशला, काठमाडौं, फोन: ४११३६४४, ४११३७७८, फ्याक्स: ४११३७७८
E-mail : heaven@wlink.com.np, Web:www.heavenoverseas.com

# विशेष बजार अनुगमनको तयारीमा वाणिज्य विभाग

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २३ साउन ।




चाडपर्व नजिकिँदै गर्दा बजारमा हुने कृत्रिम अभाव र कालोबजारीलाई रोक्न वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग विशेष अनुगमको लागि कार्ययोजना बनाउन थालेको छ। विभागले चाडपर्व लक्षित गरी विभिन्न टोली गठन गरेर विशेष बजार अनुगमनको तयारीबारे छलफल शुरु गरेको हो । चाडपर्व आउँदै गर्दा बजारमा अस्वभाविक रुपमा खाद्य वस्तुको मूल्य बढ्न शुरु भएको गुनासो बढेसँगै विभागले दैनिक अनुगमनलाई बढाएर विशेष बजार अनुगमन कार्ययोजना बनाउनेतर्फ केन्द्रित भएको हो ।

विभागका निर्देशक राजेश पाण्डेकाअनुसार अहिले निरन्तर चलिरहेको बजार अनुगन भइरहेको छ । उनले भने 'चाडपर्व नजिकिदै गर्दा अगुमनको कार्यायोजना र तर्जुमा गर्ने काम भइरहेको छ, अहिलेपनि नियमित बजार अनुगमन जारी छ अब छिट्टै कार्ययोजना बनाएर अगाडी बढ्छौं' ।

चाडपर्वमा दैनिक उपभोग्य वस्तु तथा सेवाको अस्वभाविक मूल्यवृद्धि हुने गरेको छ। पछिल्लो समय बजारमा अस्वाभाविक रुपमा खाद्य वस्तुको मूल्य बढीरहेको उपभोक्ताको भनाइ छ । काठमाडौंका खुद्रा तथा होससेल व्यवसायीहरुले दैनिक रुपमा प्रयोग हुने चामल, दाल, मसलाको मूल्य बढेको बताउँछन् । उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमिल्सिनाले विगतदेखि नै चाडपर्वको बेला कृत्रिम मुल्यवृद्धि गराउने समूह नै सक्रिय हुने बताउँछन् । उनले भने 'अहिले त चाडपर्व शुरु नहुँदै चामल, दाल, चिनी, तेल, लत्ताकपडा, तरकारी लगायतका वस्तुको मूल्य बढ्दो छ, आजको भोलि मूल्य फरक पर्न थालेको छ, नेपालीको घरमा चाडपर्वहरु भित्रिसकेका छन्, अब अत्यावश्यक वस्तुहरु बढाउने खेल शुरु हुनेछ, तर, सरकारले तयारी गरेको देखिँदैन ।'

यस्तै, राष्ट्रिय सभा अन्तर्गतको संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिले चाडपर्व शुरु हुनु अगाडिदेखि नै दैनिक उपभोग्य वस्तु तथा सेवामा भएको अस्वाभाविक मूल्यवृद्धि प्रति ध्यानाकर्षण गरेको छ । समितिका सभापति सोनाम गेल्जेन शेर्पाले आमनागरिकको सहज पहुँच हुनेगरी तत्काल सुपथ मूल्य पसल सञ्चालनका लागि समय अवधि र क्षेत्रगत दायरा विस्तार गर्न निर्देशन दिएका छन् । यस्तै समितिले प्रत्येक पसलमा मूल्यसूची अनिवार्य राख्न र उपभोक्ता सचेतनाको कार्यक्रम गर्नका लागि सरकारलाई निर्देशन समेत दिएको छ ।

यस्तै वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागका महानिर्देशक राजन पौडेलले चाडपर्व लक्षित गरी भारतबाट चिनी, चामल, गहुँ तथा प्याज आयातमा थप कोटाको व्यवस्था तथा निकासी महसुल छुट गरी आयात सहजीकरणका लागि कूटनीतिक पहल भइरहेको बताए । चाडपर्वको समयमा विचौलिया सक्रिय हुने हुँदा बजार अनुगमनको काम प्रभावकारी बनाउनु पर्नेमा सरकारवालाहरुले जोड दिएका छन् ।

# गण्डकीका यातायात कार्यालयको राजस्व घट्यो




**गण्डकी/रासस** – गण्डकी प्रदेशमा रहेका यातायात कार्यालयमा गत आर्थिक वर्ष २०८०/८१ मा दुई अर्ब ६३ करोड २४ लाख पाँच सय २९ राजस्व संकलन भएको छ। बागलुङ, डुम्रे र नवलपुरमा एक/एक र कास्कीमा दुई वटा यातायात कार्यालय, गोरखा, लमजुङ र स्याङ्जामा रहेको यातायात सेवा कार्यालयले सो राजस्व संकलन गरेका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले जनाएको छ।

आव २०७८/७९ मा दुई अर्ब २४ करोड र २०७९/८० मा तीन अर्ब १७ करोड राजस्व संकलन गरेका थिए। मन्त्रालयको यातायात शाखाका प्रमुख अनिल सुवेदीले सवारी खरिद/बिक्रीमा भएको गिरावटको असर राजस्वमा परेको बताए। 'सवारी करको दर यथावत भए पनि खरिद बिक्रीमा आएको कमीले राजस्व संकलन घटेको हो', उनले भने ।

यातायात व्यवस्था कार्यालय बागलुङका प्रमुख गुमादेवी शर्माले यसअघि दैनिक १० देखि १२ वटा सवारीसाधन खरिद बिक्री हुनेमा हिजोआज दैनिक एक/दुई वटामात्र हुने गरेको बताइन् ।

मन्त्रालयका अनुसार गत आवमा सबैभन्दा बढी यातायात व्यवस्था कार्यालय सवारी कास्कीले एक अर्ब ४२ करोड ३० लाख ४० हजार छ सय २४ राजस्व संकलन गरेको छ । यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कास्कीबाट २४ करोड छ लाख २६ हजार छ सय ७९, बागलुङमा रु १९ करोड १६ लाख नौ हजार नौ सय २८, नवलपुरमा ३० करोड ३५ लाख ५३ हजार नौ सय ५३ र डुम्रेमा २० करोड चार लाख ७० हजार पाँच सय ९२ राजस्व संकलन भएको छ ।

गोरखामा १२ करोड ४७ लाख ५८ हजार सात सय ५७, लमजुङमा चार करोड ६१ लाख ११ हजार सात सय ५५ र स्याङ्जामा एक करोड २२ लाख २८ हजार दुई सय ४० राजस्व संकलन भएको मन्त्रालयले जनाएको छ । सवारी चालक अनुमतिपत्र जारी, नवीकरण, सवारीसाधन दर्ता, नवीकरण र जरिवानालगायत शीर्षकमा राजस्व संकलन भएको हो । यातायात कार्यालय गण्डकी प्रदेश सरकारमा सबैभन्दा बढी राजस्व संकलन गर्ने निकायहरु हुन्। यातायात कार्यालयको सेवालाई प्रविधिको प्रयोगमार्फत् पहुँचयोग्य, झन्झटमुक्त र छरितो बनाउने प्रयास गरेको मन्त्रालयका सचिव शंकरप्रसाद पण्डितले बताए ।

# उद्योगमन्त्री भण्डारी र भारतीय समकक्षी गोयलबीच भेटवार्ता



**काठमाडौं/मस**– उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र उहाँका भारतीय समकक्षी पियुष गोयलबीच बुधबार नयाँदिल्लीमा भेटवार्ता भएको छ । अवसरमा उनीहरुबीच द्विपक्षीय व्यापार एवं आर्थिक सहकार्यका विविध विषयमा छलफल भएको थियो।

भेटमा मन्त्री भण्डारीले खाद्य सामग्रीको आयात सहज बनाउनुपर्ने विषयमा समकक्षी गोयलको ध्यानाकर्षण गराएको उनको सचिवालयले जनाएको छ । चामल तथा चिनीलगायत खाद्य सामग्री नेपाल-भारत सिमानामै पाइने मूल्यमा नेपाललाई उपलब्ध गराउन आग्रह गर्दै मन्त्री भण्डारीले उद्योग एवं व्यापारका क्षेत्रमा सहकार्य गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए । उनीहरूबीच सचिवस्तरीय बैठक राख्ने विषयमा छलफल भएको र सो सम्बन्धमा दुई साताभित्र उक्त बैठक आयोजना गर्ने सहमति भएको छ। नेपालबाट सिमेन्ट, जुत्ता, प्लाइउड निर्यात गर्दा व्यवसायीले खेप्नुपरेको कागजी प्रक्रियाको अवरोधलाई हटाउने विषयमा पनि मन्त्री भण्डारीले भारत सरकारको ध्यानाकर्षण गराएका थिए । भारतका वाणिज्य तथा उद्योगमन्त्री गोयलले नेपाल-भारतबीचको व्यापारमा देखिएका समस्या समाधान गर्न आफ्ना कर्मचारीहरूलाई निर्देशन दिएका छन् । त्यसैगरी बुधबारै मन्त्री भण्डारी र भारतका पेट्रोलियममन्त्री हरिजित सिंह पुरीबीच पनि भेटवार्ता भएको छ ।

# नेप्से परिसूचक एक सय आठ अंकले बढ्यो



**काठमाडौं/मस**– मंगलबार उच्च अंकले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार उच्च अंकको बढेको छ। नेप्से परिसूचक एक सय आठ दशमलव ३५ अंकले बढेर दुई हजार सात सय ५९ दशमलव ६७ को विन्दुमा कायम भएको हो। बुधबार नेप्से परिसूचक चार दशमलव ०८ प्रतिशतले बढेको हो। तीन सय ३० कम्पनीको तीन करोड ८० लाख ४१ हजार दुई सय ६७ कित्ता शेयर दुई लाख १२ हजार छ सय ८१ पटक खरिदबिक्री हुँदा १७ अर्ब ९५ करोड नौ लाख १८ हजार छ सय २७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। सबै समूहको उपसूचक बढेको छ।

सबैभन्दा धेरै अन्य समूहको उपसूचक सात दशमलव ८९ प्रतिशतले बढेको छ। बैंकिङ दुई दशमलव ३२, विकास बैंक चार दशमलव ५१, वित्त सात दशमलव ६३, होटल तथा पर्यटन पाँच दशमलव १३, जलविद्युत् पाँच दशमलव ७२, लगानी तीन दशमलव ८९ र जीवन बीमा तीन दशमलव ९७ प्रतिशतले बढेको छ। त्यस्तै उत्पादन तथा प्रशोधन तीन दशमलव ५३, लघुवित्त दुई दशमलव १७, म्युचुअल फन्ड एक दशमलव ०१, निर्जीवन बीमा तीन दशमलव ०८ र व्यापार समूह पाँच दशमलव ५३ प्रतिशतले बढेको छ। बुधकार १० वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

# महासंघ अध्यक्ष ढकालद्वारा बिम्स्टेक पूर्वाधार विकास कोष बनाउन प्रस्ताव




**काठमाडौं/मस** – नेपाल उद्योग वाणिज्य महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले बिम्स्टेक पूर्वाधार विकास कोष स्थापना प्रस्ताव राखेका छन् । भारतको नयाँदिल्लीमा आयोजित बिम्स्टेक बिजनेस समिट २०२४ मा 'बिम्स्टेकमा व्यापार सहजीकरण प्रवर्द्धन गर्दै 'इम्प्रुभ्ड क्रस बोर्डर लिंकेज एन्ड ट्रेड इन्फ्रास्ट्रक्चर' विषयक सत्रमा ढकालले बिमस्टेक पूर्वाधार विकास कोष स्थापना गर्नुपर्नेमा जोड दिएका हुन् । ढकालले सदस्य राष्ट्रहरुलाई व्यापार सहजीकरण प्रवर्द्धन र सीमापार सम्बन्धको राम्रो विकास गर्न आवश्यक पूर्वाधार विकास गर्न स्रोतसाधन उपलब्ध गराउन क्षेत्रीय पूर्वाधार कोष आवश्यक रहेको बताए ।

बिम्स्टेक क्षेत्रका सबै सदस्य राष्ट्रको विकास भएपछि अन्तर्राष्ट्रिय मञ्चमा नेपालको आवाज अझ बलियो हुने र अन्तर्राष्ट्रिय बैठकमा थप अधिकारका साथ सामूहिक रुपमा सम्झौता गर्न सक्ने ढकालको भनाइ छ। बिम्स्टेक सदस्य राष्ट्रहरुबीच थप एकीकृत सन्जाल विकास गर्न बिमस्टेक पूर्वाधार विकास कोष आवश्यक रहेको उनले बताए । ढकालले नेपालको पूर्व-पश्चिम राजमार्गलाई भारतको मध्य क्षेत्र बंगलादेशसँग जोडेर र कालादान आयोजनामार्फत् म्यानमार र भारतलाई पनि जोडेर क्षेत्रीय सन्जालका लागि उपयोग गर्न सकिने बताए । पूर्व-पश्चिम राजमार्गको समानान्तर रेलमार्ग निर्माण गर्न सकिने र आउजाउमा सहज हुने उनले जनाए ।

साथै ढकालले यस क्षेत्रभित्रको भन्सार प्रक्रियालाई सरल बनाउन सीमावर्ती पूर्वाधार, एकीकृत जाँच चौकीलगायत विकास गर्नुपर्नेमा जोड दिए । नेपाल र भुटानजस्ता भूपरिवेष्ठित मुलुकका लागि सुख्खा बन्दरगाह विकास गर्नुपर्ने आवश्यकता ढकालले औंल्याए । ढकालले व्यापार सहजीकरण दिगो विकासको मेरुदण्ड भएको बताउँदै यसबाट लाभ लिन बिमस्टेक राष्ट्रहरुबीचको व्यापार प्रक्रियालाई सरल बनाउनुपर्नेमा जोड दिएको महासंघले जनाएको छ ।

# भेरी रिठ्ठा पात ब्रान्डमा डिटरजेन्ट पाउडर सार्वजनिक



**काठमाडौं/मस**– नेपालगन्जस्थित देउती सोप एन्ड केमिकल्स प्रालिले 'भेरी रिठ्ठा पात' ब्रान्डमा डिटरजेन्ट पाउडर उत्पादन गरी बजारमा ल्याएको छ । कम्पनीले सोमबार नेपालगन्जमा एक कार्यक्रम गरी नयाँ ब्रान्ड सार्वजनिक गरेको हो । कम्पनीका सञ्चालक यज्ञबहादुर ओली र बिजनेस हेड सिए टोपबहादुर शाहीले भेरी रिठ्ठापात डिटरजेन्ट पाउडर एक सय ५० ग्रामदेखि ४ किलोग्रामसम्मको प्याकेटमा बजारमा उपलब्ध गराएको जानकारी दिए। कपडाबाट पसिना, माटो, खानेकुरालगायतको दाग हटाउने मामिलामा प्रतिस्पर्धी ब्रान्डको तुलनामा अब्बल रहेको यो डिटरजेन्ट पाउडरमा कलर प्रोटेक्सन टेक्नोलोजी प्रयोग गरिएको उनले बताए । उक्त टेक्नोलोजीले कपडाको रङ उड्ने र फिका हुँदै जाने समस्या आउन नदिने कम्पनीको दाबी छ ।

यसमा रहेको जर्म फाइटरले कपडालाई किटाणुरहित बनाउँदै सफाइको स्तर उकास्ने कम्पनीका बजार व्यवस्थापक शालिकराम कँडेलले बताए । देउती सोप एन्ड केमिकल्सले यशोदा ब्रान्डमा डिटरजेन्ट पाउडर, भेरी ब्रान्डमा लुगाधुने साबुन, हर्बल डिटरजेन्ट केक र डिसवासबार उत्पादन गर्दै आएको छ। भेरी ब्रान्डमा डिटरजेन्ट पाउडर पनि कम्पनीले उत्पादन एवं ब्रिक्री वितरण गर्दै आएको छ । कम्पनीका उत्पादनहरु उपभोक्तामाझ निकै लोकप्रिय रहेको शाहीले दाबी गरे ।

# आइएमई पे रिफन्डेबल टिकट फिचरको उत्साहजनक सफलता

**काठमाडौं/मस** – आइएमई पे ले सञ्चालनमा ल्याएको रिफन्डेबल फिचरमार्फत् आन्तरिक हवाई टिकट काट्नेको संख्यामा उत्साहजनक रुपमा वृद्धि भइरहेको छ । सहज फिचर सँगसँगै प्रयोगकर्ताहरुले कल तथा इमेलमार्फत् पाउने ग्राहकमैत्री सेवा र तत्कालै हुने रिफन्डले गर्दा आइएमई पे ले उपलब्ध गराएको सो सेवामा ग्राहकको संख्या बढेको हो । अझै अहिले मनसुनको समयमा मौसमको फेरबदल भइरहँदा आइएमई पे मार्फत् प्राप्त भएको यस रिफन्डेबल टिकट फिचरले ग्राहकहरुलाई ढुक्कले यात्राको लागि टिकट खरिद गर्ने हौसला प्रदान गरेको छ ।

आइएमई पे एप मार्फत् प्रयोगकर्ताहरुले आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई टिकट काट्दा आन्तरिक हवाई टिकटमा क्यास ब्याक, रिवार्ड पोइन्ट र टिकट रिफन्डेबल फिचर पनि पाउन सक्छन् । आइएमई पे का प्रमुख कार्यकारी अधिकृत प्रविण रेग्मीले आन्तरिक हवाई टिकटमा टिकट रिफन्डेबल फिचरमा प्रयोगकर्ताहरुको बढ्दो संख्याले र उत्साहले अझै सेवाहरु थप्न कम्पनी उत्साहित भएको बताए ।

# होन्डाले कारको एयरब्याग निःशुल्क फेरिदिने



**काठमाडौं/मस** – नेपालका लागि होन्डा कारको आधिकारिक वितरक स्याकार ट्रेडिङ कम्पनीले होन्डाका निश्चित मोडलहरुमा एयरब्याग परिवर्तन गर्ने योजना बनाएको छ । ग्राहकको सुरक्षालाई ध्यानमा राख्दै यस्तो योजना बनाइएको कम्पनीले जनाएको छ। सन् २००१ र २०१४ को बीचमा नेपालमा बिक्री भएका सीटी, सिभिक, सीआरभी, ज्याज, इनसाइट, स्ट्रिम र एकर्ड कारहरुको टकाटा एयरब्यागहरु फिर्ता गरिने कम्पनीले जनाएको छ। कम्पनीकाअनुसार नेपालमा चलिरहेका सात सय होन्डा कारमा एयरब्याग परिवर्तन गर्न आवश्यक रहेको भन्दै सम्पर्क गर्न ग्राहकसँग आग्रह समेत गरेको छ। यी मोडलहरुमा एयरब्यागहरु निःशुल्क परिवर्तन गरिने होन्डा कारका सर्भिस म्यानेजर बिनम श्रेष्ठले बताएका छन् ।

# सलिको र नेपाल पर्यटक यातायात व्यवसायी संघबीच सम्झौता



**काठमाडौं/मस** – सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड (सलिको) र नेपाल पर्यटक यातायात व्यवसायी संघ (एनटीभीए)बीच सम्झौता भएको छ । सवारी साधनको बीमा गर्ने गराउने तथा बीमा दाबी प्रक्रियालाई सरल र सहज बनाउने गरी दुई संस्थाबीच द्विपक्षीय सम्झौता भएको हो ।

उक्त सम्झौताबाट नेपाल पर्यटक यातायात व्यवसायी संघसँग आवद्ध सवारी धनीले सगरमाथा लुम्बिनी ईन्स्योरेन्स कम्पनीमा आफ्नो सवारी साधनको व्यापक बीमा गराएको अवस्थामा सो सवारी साधन दुर्घटनामा परी क्षति भएमा बीमितले आफ्नो सवारी मर्मत गर्दा लाग्ने खर्च वापतको क्षतिपुर्ति रकम सहज रुपमा प्राप्त गर्न सक्ने छन् । सम्झौतामा नेपाल पर्यटक यातायात व्यवसायी संघको तर्फबाट संघका अध्यक्ष बेदराज बास्तोला तथा सगरमाथा लुम्बिनी इन्स्योरेन्स (सलिको) को तर्फबाट प्रमुख कार्यकारी अधिकृत चंकी क्षेत्रीले हस्ताक्षर गरेका हुन् ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**